जलवायु अनुकूलनलाई विकास योजनामा समायोजन गर्न

# राष्ट्रिय अनुकूलन योजनाको आवश्यकता



जलवायु परिवर्तनको कारण अति कम विकसित राष्ट्रका जनता र त्यहाँको प्राकृतिक एवं मानवीय स्रोत सङ्कटमा परेको तथ्य सर्वविदितै छ । औद्योगिक तथा आर्थिक विकास दर उच्च भएका राष्ट्रबाट अत्यधिक मात्रामा हरितगृह ग्यास उत्सर्जित हुनाले जलवायु परिवर्तन व्यापक भएको छ । तर कुल उत्जर्सनको केवल ४ प्रतिशत निश्कासन गर्ने ४९ वटा अति कम विकसित राष्ट्रहरू जलवायु परिवर्तनका कारण अति सङ्कटासन्न (Vulnerable) अवस्थामा पुगेका छन् । यसैगरी केही टापु राष्ट्रहरूको अस्तित्व नै जोखिममा परेको छ, नेपालजस्ता पर्वतीय मुलुकहरू प्रत्यक्ष प्रभावित भएका छन् । प्राविधिक तथा आर्थिक स्रोत, दक्षता र क्षमता एवं जनशक्ति न्यून भएका अति कम विकसित राष्ट्रका गरीब जनताका निम्ति अनुकूलन एक भरपर्दो उपाय हुनसक्छ । जोखिममा रहेका समुदायकालागि अनुकूलन छनौट होइन, बाध्यता हो। जलवायु परिवर्तनको सङ्कटका कारण दिगो विकास र अनुकूलनलाई सँगै लैजानुपर्ने अवस्था सिर्जना भएको छ ।

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (United Nations Framework Convention on Climate Change, UNFCCC) को धारा ४ उपधारा ९ मा विकसित राष्ट्रहरूले अति कम विकसित राष्ट्रहरूको आवश्यकता र परिस्थिति अनुसार प्रविधि र आर्थिक सहयोग गर्नुपर्ने उल्लेख छ । यो धाराको कार्यान्वयनका लागि सन् २००१ मा मोरक्कोको मारकेश शहरमा भएको पक्ष राष्ट्रहरूको सातौँ सम्मेलन (Conference of the Parties, COP) ले अति कम विकसित राष्ट्रहरूलाई जलवायु परिवर्तनका प्रतिकूल असर सँग जुझ्न योजना निर्माण गर्नका लागि सहयोग आवश्यक भएको निर्क्योल गर्दै अति कम विकसित राष्ट्रहरूका लागि कार्यक्रम (LDC Work Programme) पारित गर्‍यो । यसै कार्यक्रम अन्तर्गत अति कम विकसित राष्ट्रहरूलाई जलवायु परिवर्तनका प्रतिकूल प्रभावबाट अनुकूलित हुनका लागि चाहिने तत्कालै गरिनुपर्ने र अत्यावश्यक कार्यक्रम पहिचान गर्न राष्ट्रिय अनुकूलन कार्यक्रम (National

CLEAN ENERGY NEPAL

Adaptation Programme of Action, NAPA, नापा) बनाउन सहयोग गर्ने निर्णय भयो। उक्त प्रयोजनका लागि अति कम विकसित मुलुकका लागि एक कोष (Least Developed Countries Fund, LDCF) को स्थापना गरी ती राष्ट्रहरूलाई नापा तयार गर्न अमेरिकी डलर दुई लाखका दरले सहयोग रकम प्रदान गर्ने निर्णय समेत भयो। सोही सम्मेलनमा अनुकूलन कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सहयोग गर्न विज्ञ समूह (LDC Expert Group, LEG, लेग) को स्थापना भयो। सन् २०१३ को मार्च महिनासम्ममा ४७ वटा अति कम विकसित राष्ट्रहरूले नापा तयार गरिसकेका छन्।

नेपाल सरकारले नापा तर्जुमा गरी प्राथमिकतामा राखेका ९ वटा कार्यक्रमहरूमध्ये एल.डी.सी. कोषबाट प्राप्त आर्थिक सहयोगबाट बाढी र हिमताल विष्फोट एवं पर्यावरणीय प्रणालीमा आधारित जलवायु अनुकूलन सम्बन्धी कार्यहरू कार्यान्वयन गर्दैछ। यसैगरी बेलायती सहयोग नियोग र युरोपेली संघको सहयोगमा ७० वटा स्थानीय अनुकूलन योजनाहरू (Local Adaptation Plan of Action, LAPA) तर्जुमा भई कार्यान्वयनको चरणमा छन्। लापाको राष्ट्रिय संरचना बमोजिम अनुकूलनका कार्यहरू कार्यान्वयनमा आएपछि अनुकूलन कार्यहरूको उपयुक्तता र प्रभावकारिता बारेमा जानकारी हुनेछ।

## राष्ट्रिय अनुकूलन योजनाको तर्जुमा

हरितगृह ग्यासको उत्सर्जन न्यून गर्नु पर्नेमा विश्व समुदाय एकमत भएतापनि सो अनुसार कार्य हुन नसक्दा जलवायुजन्य विपत्तिहरू दिन प्रतिदिन बढिरहेका छन्। यसै परिप्रेक्ष्यमा सन् २०१० मा मेक्सिकोको क्यानकुनमा सम्पन्न महासन्धिको पक्ष राष्ट्रहरूको १६औं सम्मेलनमा विकासोन्मुख र अति कम विकसित राष्ट्रहरूका लागि अनुकूलन सम्बन्धी मध्यकालिन र दीर्घकालिन कार्यहरूको पहिचान, प्राथमिकीकरण तथा विकास योजनामा एकीकृत गर्दै लैजान सहयोग पुऱ्याउने हेतुले यी राष्ट्रमा राष्ट्रिय अनुकूलन योजना तयारीको प्रक्रिया (National Adaptation Plan Process) सुरु गर्ने निर्णय भएको थियो। अति कम विकसित राष्ट्रहरूले नापाको अनुभवसमेतको आधारमा राष्ट्रिय अनुकूलन योजना (National Adaptation Plan, NAP, न्याप) तर्जुमा गर्ने अपेक्षा गरिएको छ।

## जलवायु परिवर्तन अनुकूलन

सन् २०११ मा दक्षिण अफ्रिकाको डर्बनमा सम्पन्न महासन्धिको पक्ष राष्ट्रहरूको १७औं सम्मेलनले न्याप तर्जुमाको लागि प्रारम्भिक निर्देशिका जारी गरेको थियो। अति कम विकसित राष्ट्रहरूलाई यस प्रक्रियामा सहयोग गर्न माथि उल्लिखित विज्ञ समूह (लेग) ले सहयोग गर्नेछ। यी राष्ट्रहरूले एल.डी.सी. कोषबाट आर्थिक सहयोग प्राप्त गरेपछि राष्ट्रिय अनुकूलन योजना (न्याप) तर्जुमा कार्य थाल्ने आशा गरिएको छ।

न्यापले विकासशील तथा अति कम विकसित राष्ट्रहरूमा जलवायु परिवर्तनबाट सिर्जित सङ्कटको मूल्याङ्कन गर्न, जलवायु परिवर्तनको खतरालाई मुलप्रवाहीकरण गर्न तथा अनुकूलनका सवालहरूलाई सम्बोधन गर्न सहयोग पुग्नेछ। अति कम विकसित राष्ट्रहरूमा जलवायु परिवर्तनका खतराबाट विकास प्रयासमा चुनौती थपिएकोले अनुकूलन योजनालाई दिगो विकासको योजनासँग आबद्ध गर्दै लग्नु पर्ने आवश्यकता पनि रहेको छ। जलवायु परिवर्तन अनुकूलन एवं समानुकूलन क्षमता वृद्धि

**तलिका १: नापा र न्यापबीचको भिन्नता नापा न्याप**

| | नापा | न्याप |
|---|---|---|
| प्रयोजन | अनुकूलनकालागि तत्कालै गरिनुपर्ने र अत्यावश्यक कार्यक्रम पहिचान र कार्यन्वयन गर्ने कार्यक्रम | अनुकूलन सम्बन्धी मध्यकालीन र दीर्घकालीन कार्यहरूको पहिचान, प्राथमिकिकरण तथा विकास योजनामा समाहित गर्ने प्रक्रिया । |
| अन्तर्राष्ट्रिय निर्णय | सन् २००१ मा मोरक्कोको मारकेश शहरमा सम्पन्न UNFCCC को पक्ष राष्ट्रहको सातौँ सम्मेलनमा अति कम विकसित राष्ट्रहरूका लागि कार्यक्रम (LDC Work Programme) पारित भई नापा बनाउन सहयोग गर्ने निर्णय । | २०१० मा मेक्सिकोको क्यानकुनमा सम्पन्न महासन्धिको पक्ष राष्ट्रहरूको १६औं सम्मेलनमा न्याप तयारी प्रक्रिया शुरू गर्ने निर्णय ।<br>सन् २०११ मा दक्षिण अफ्रिकाको डर्बनमा सम्पन्न महासन्धिको पक्ष राष्ट्रहरूको १७औं सम्मेलनले न्याप तर्जुमाको लागि प्रारम्भिक निर्देशिका जारी । |
| कसले तर्जुमा गर्ने | अति कम विकसित राष्ट्रहरू | अति कम विकसित तथा विकासोन्मुख राष्ट्रहरू |
| तर्जुमा र कार्यान्वयनकालागि वित्तीय सहयोग | अति कम विकसित राष्ट्रहरूको कोष (LDCF) मार्फत | अति कम विकसित राष्ट्रहरूमा न्याप तर्जुमाकालागि LDCF मार्फत र विकासोन्मुख राष्ट्रहरूकालागि निर्णय भइनसकेको अवस्था |
| हालको अवस्था | नेपाल सहित ४७ वटा अति कम विकसित राष्ट्रहरूले नापा तयार गरी कार्यान्वयनको विभिन्न चरणमा | राष्ट्रिय स्तरमा न्याप तर्जुमा प्रक्रिया कसरी अगाडि बढाउने भन्ने सम्बन्धमा छलफलको शुरूवात |

गरी सङ्कटासन्नता घटाउनु तथा जलवायु अनुकूलनलाई विद्यमान एवं नयाँ नीति, कार्यक्रम र क्रियाकलापमा एकीकृत गर्नु न्याप प्रक्रियाको उद्देश्य रहेको छ । जलवायु परिवर्तन अनुकूलनलाई उपयुक्ततानुसार सबै क्षेत्रका र सबै तहका विकास योजना प्रक्रिया तथा रणनीतिमा एकीकृत गर्नुपर्दछ ।

## योजना तर्जुमाको लागि प्रारम्भिक निर्देशिका

न्याप प्रारम्भिक निर्देशिका अनुसार अनुकूलनका लागि रहेका व्यवधानको लेखाजोखा गरि न्याप प्रक्रिया शुरू गर्न कार्यक्षमता तथा कमीकमजोरीको विश्लेषण गर्नुपर्दछ । न्याप प्रक्रियालाई अगाडि बढाउने क्रममा निम्न कार्यहरू गर्नु पर्दछ :

- विशिष्ट आवश्यकताको पहिचान गर्ने,
- देशको आवश्यकता, चाहना र प्राथमिकता बमोजिम यो तर्जुमा प्रक्रियालाई निर्देश गर्ने,
- मध्यकालीन र दीर्घकालीन अनुकूलनका कार्यहरू पहिचान एवं प्राथमिकीकरण गर्दै तिनलाई राष्ट्रिय तथा क्षेत्रगत योजनामा एकीकृत गर्दै लग्ने र
- सो बारेमा सरोकारवालाहरूसँग परामर्श, सञ्चार, जनचेतना अभिवृद्धि गर्ने तथा शिक्षाको माध्यमबाट क्षमता अभिवृद्धि गर्ने ।

यसरी राष्टिय्र तथा क्षत्रेगत याजेनामा अनकुलूनका सवालहरूलाई एकिकतृ गरपेछि तिनको प्रभावकारी कार्यन्वयनका लागि कार्यन्वयन रणनीति बनाउनपुर्छ । योरणनीतिमा सस्थांगत सुदृढीकरण र नियमनका सरंचना लगायत क्षमता विकासका पक्षहरू राख्नपुर्छ । यसै गरी न्यापको प्रारम्भिक निर्देशिकामा रिपोर्टिङ, अनगुमन तथा



पनुरावलोकन गरी अनकुलून कायर्हरूकोकार्यन्वयनमा देखिएको अपर्याप्ततालाई के कसरी सम्बाधेन गर्ने, प्रयासकोअनगुमन गर्ने, राष्ट्रिय सञ्चार प्रतिवदेनबाट समेत न्यापकोप्रगति र प्रभावकारिता बारेमा रिपोर्टिङ गर्नेकुरामा निर्देशिकालेजोड दिएकोछ ।

राष्ट्रिय अनुकूलन योजनाले जलवायु अनुकूलनका कार्यहरूको कार्यान्वयनमा निरन्तरता दिन सजिलो हुने देखिन्छ । राष्ट्रिय आवश्यकता र परिवेश, लैङ्गिक-संवेदनशीलता, सहभागितात्मक र पारदर्शी प्रकारले जलवायु परिवर्तनको कारण सङ्कटमा परेका समूह, समुदाय तथा पर्यावरणीय प्रणालीलाई विचार गरी योजना तर्जुमा गर्नु उपयुक्त हुन्छ ।

## न्याप प्रक्रियामा भएका पहल

पक्ष राष्ट्रहरूको पाचौं सम्मेलनले पक्ष राष्ट्रहरू र उपयुक्त संस्थाहरूलाई राष्ट्रिय अनुकुलन योजना प्रक्रियाको निर्देशक सिद्धान्त कार्यन्वयन गर्दाको अनुभवको बारेमा जानकारी प्रस्तुत गर्नको लागि निर्णयार्थ आमन्त्रित गरिसकेको छ । जसको आधारमा केहि पक्ष राष्ट्रहरू र पर्यवेक्षक संस्थाहरू समेतले राष्ट्रिय अनुकुलन योजना प्रक्रियाको निर्देशक सिद्धान्त कार्यन्वयन गर्दाको अनुभवको बारेमा जानकारी प्रस्तुत गरिसकेका छन् । अति कम विकसित राष्ट्रहरूको तर्फवाट नेपालले पनि राष्ट्रिय अनुकुलन योजना प्रक्रियाको तयारीका लागि पक्ष राष्ट्रहरूको १८ औं सम्मेलनको निर्णय बमोजिम वित्तको सहज प्रवाहलाई प्राथमिकता दिंदै राष्ट्रिय अनुकुलन योजना प्रक्रियाको निर्देशक सिद्धान्त कार्यन्वयन गर्दाको आफ्नो अनुभवको बारेमा जानकारी प्रस्तुत गरिसकेको छ ।

वर्तमानमा ग्लोबल इन्भाइरोन्मेट फेसिलिटिले (Global Environment Facility) राष्ट्रिय अनुकुलन योजना तर्जुमा प्रक्रियामा अति कम विकसित राष्ट्रलाई सहायता प्रदान गर्नका लागी विश्वव्यापी सहयोग कार्यक्रम संचालन गर्न २० लाख अमेरिकि डलर रकम संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम र संयुक्त राष्ट्रसंघ वातावरण कार्यक्रमलाई उपलब्ध गराइसकेको छ । अहिले सम्म केहि अति कम विकसित राष्ट्रहरू यस राष्ट्रिय अनुकुलन योजना-विश्वव्यापी सहयोग कार्यक्रममा संलग्न भइसकेका छन् भने संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम र संयुक्त राष्ट्रसंघ वातावरण कार्यक्रमले प्रारम्भमा राष्ट्रिय अनुकुलन योजना तर्जुमा प्रक्रियाका लागि अति कम विकसित राष्ट्मा मानव संसाधन विकास गर्न लागि परेका छन् ।

यस जानकारी पत्रको प्रकाशन WWF Nepal को सहयोगमा CEN द्वारा सन्चालित Framing National Adaptation Plans: A process for mid and long term adaptation planning कार्यक्रम अन्तर्गत गरिएको हो ।

**थप जानकारीका लागि**
स्वच्छ ऊर्जा नेपाल, १४० बुलबुले मार्ग
थापागाउँ, काठमाण्डौं, फोन: ०१-४४६४९८१
ईमेल: info@cen.org.np, वेबसाइठ: www.cen.org.np